annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ८४, पृष्ठ ८ | काठमाडौं, बिहीबार ७ साउन २०८३ | आषाढ शुक्लपक्ष नवमी नेपाल संवत् ११४६ | THURSDAY, JULY 23, 2026 | मूल्य : रु. १०

आवरण समाचार

# अपराधलाई प्रश्रय, अछुतो रहेन रास्वपा पनि

जनतासमक्ष सत्तासीन रास्वपाको वाचा थियो- 'राजनीतिका लागि 'लाजनीति' गर्दैनौं ।' तर, विवादित, अनुसन्धान वा अभियोगको सामना गरिरहेका पात्रलाई रास्वपाले पार्टीमा भित्र्याउँदै राजनीतिक संरक्षण दिन थालेको छ । जसका कारण वैकल्पिक राजनीतिमाथि नै नागरिकको भरोसा टुट्दै जान थालेको छ । त्यसैकारण फेरि कतै 'राजनीतिमा अपराधीकरण र अपराधीकरणको राजनीति' त हुने होइन भन्ने प्रश्न गम्भीर बनेको छ ।

**दिनेश गौतम** | *काठमाडौं*



विस्तृत पृष्ठ २

## 'कक्रोच' आन्दोलनको दबाबमा मोदी सरकार

**नयाँ दिल्ली** | *एजेन्सी*

सामाजिक सञ्जालमा सुरु भएको एउटा व्यंग्यात्मक अभियान अहिले भारतको प्रमुख युवा आन्दोलनको रूप लिएको छ। आफूलाई 'कक्रोच' (साङ्ला) भन्ने युवाहरूले शिक्षा प्रणालीका कमजोरी र प्रश्नपत्र चुहावटविरुद्ध सुरु गरेको आन्दोलनले अहिले दिल्लीको सत्ता केन्द्र हल्लाइदिएको छ।

मेडिकल तथा सरकारी सेवाका प्रवेश परीक्षामा बारम्बार हुने प्रश्नपत्र चुहावट र परीक्षा रद्दका घटनाबाट लाखौं विद्यार्थी प्रभावित भएपछि उत्पन्न जनआक्रोश यस आन्दोलनको मुख्य जग हो। मे महिनामा भारतीय सर्वोच्च अदालतका न्यायाधीश सूर्य कान्तले एक सुनुवाइका क्रममा केही बेरोजगार युवालाई 'कक्रोच'सँग तुलना गरेपछि त्यसको सामाजिक सञ्जालमा व्यापक प्रतिक्रिया देखिएको थियो। लगत्तै बोस्टन विश्वविद्यालयका विद्यार्थी अभिजित दिपकेले 'कक्रोच पिपुल्स पार्टी (सीजेपी)' गठन गरे।



युवाहरूले 'कक्रोच'लाई संघर्षको प्रतीकका रूपमा अपनाए। जुनमा दिपके भारत फर्किएपछि जन्तर-मन्तरलाई केन्द्र बनाएर सुरु भएको यो आन्दोलन अहिले शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामा र सरकारी जवाफदेहिताको माग गर्दै प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको सरकारविरुद्ध हालका वर्षमा देखिएको सबैभन्दा ठूलो चुनौती बनेको छ।

» बाँकी पृष्ठ ६

## बीपीको नाम लिँदै कांग्रेस दुईतिर

### इतर पक्षद्वारा राष्ट्रिय भेला घोषणा

**राधा खनाल** | *काठमाडौं*

प्रथम जननिर्वाचित प्रधानमन्त्री बीपी कोइरालाको स्मरण गरिने 'बीपी स्मृति दिवस' नेपाली कांग्रेसका लागि एकताको अवसर हुनुपर्ने हो। तर, ४४औं बीपी स्मृति दिवसका अवसरमा भने पार्टीभित्रको आन्तरिक विवाद सार्वजनिक रूपमै छताछुल्ल भएको छ। संस्थापन र संस्थापन इतर पक्षले छुट्टाछुट्टै कार्यक्रम आयोजना गर्दै नेतृत्व, पार्टी एकता र वैचारिक दिशाबारे फरक-फरक सन्देश दिएका छन्।

काठमाडौंस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा आयोजित संस्थापन इतर पक्षको कार्यक्रममा पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्काले पार्टीभित्र सम्मानका लागि कहिल्यै सम्झौता नगर्ने स्पष्ट पार्दै आफूहरू निष्क्रिय नबस्ने बताएका छन्। युवालाई अघि सारेर पार्टीलाई सही दिशामा लैजान तयार रहेको उल्लेख गर्दै उनले सभापति गगन थापाले १४औं







**'ग्रीन रन'मा सहभागी सभापति गगन थापा (दायाँ) र इतर पक्षले काठमाडौंमा गरेको कार्यक्रममा सहभागी नेताहरू।**

महाधिवेशनका दुवै पक्षलाई समेट्न नसकेसम्म पार्टी एकता सम्भव नहुने दाबी गरे। उनले विशेष महाधिवेशनको अवधारणालाई विधानविपरीत भन्दै नेतृत्वलाई पार्टी एकताका लागि गम्भीर पहल गर्न आग्रह गर्दै भने, 'कांग्रेसको विवाद कहाँ र केमा छ? जब १४औं महाधिवेशनबाट निर्वाचित टिम हटाएर विशेष महाधिवेशनबाट आएका सभापतिको सही चल्ने अवस्था भयो, विवाद त्यहीँबाट सुरु भयो।'

विशेष महाधिवेशनमार्फत ५४ प्रतिशतको बलमा निर्वाचित नेतृत्वले १४औं महाधिवेशनबाट आएको संरचनालाई विस्थापित गरेको आरोप खड्काले लगाए। अदालत र निर्वाचन आयोगले त्यसलाई वैधानिकता दिएको भए पनि त्यसले राजनीतिक रूपमा समस्या समाधान नगरेको उनले दाबी गरे।

» बाँकी पृष्ठ ६


## बाँदर र बँदेल धपाउन २० जनालाई 'जागिर'

**प्रेमनारायण आचार्य** | *अर्घाखाँची*

मिहिनेत र पसिना सिँचेर हुर्काएको हरियो बाली आँखा अगाडिकै बाँदरको बथानले क्षणभरमै सखाप पारिदिँदा पहाडी डाँडाकाँडाका किसानहरूको छाती भित्रभित्रै पिल्सिएको छ। हुलका हुल बाँदर पसेर खेतबारीमा फुल्दै गरेका मकैका चामर होऊन् या पाक्नै लागेका अन्नबाली, बाँदरको टोलीले एकैछिनमा सखाप पारिदिन्छ। गुलेली पड्काएर, पटाका फुटाएर, पुतला झुन्ड्याएर वा बन्दुक देखाएर वन्यजन्तु धपाउने पुराना उपायहरू अब पूर्णरूपमा असफल सिद्ध भइसकेका छन्। बाँदरकै उपद्रव र त्रासका कारण कतिपय किसानहरूले त आफ्नो उठिबास नै लगाएका छन् भने थुप्रै उर्वर जमिनहरू अहिले बाँझो झाडीमा परिणत हुन पुगेका छन्।

संसद्मा समेत 'बाँदरलाई कि त सलामी देऊ, नभए मलामी देऊ' भन्ने विषयमा सांसदहरूबीच बहस भएको छ। अर्घाखाँचीमा भने बाँदर तथा बँदेलका कारण बालीनालीमा हुने क्षति कम गर्ने उपाय खोज्न डिभिजन वन कार्यालय अर्घाखाँचीले २० जना 'बाँदर र बँदेल हेरालु' छनोट गरेको छ।

बाँदर अति प्रभावित क्षेत्रका किसानको खेती सुरक्षित गर्ने र मानव-वन्यजन्तु सहअस्तित्व प्रवर्द्धन गर्ने उद्देश्यले आवेदन आह्वान गरिएको





वन कार्यालयले जनाएको छ। तीमध्ये २० जना व्यक्ति छनोट भएका छन्। डिभिजन वन कार्यालय र सामुदायिक वन उपभोक्ता समूहहरूको सहकार्यमा सिर्जनशील कार्यक्रम सञ्चालन गर्न लागिएको जनाइएको छ।

छनोट भएका हेरालुहरूलाई साउन ५ गते बिहान ११ बजे परिचय खुल्ने कागजातसहित सम्झौता तथा अभिमुखीकरण कार्यक्रममा उपस्थित हुन कार्यालयले सूचनामार्फत आग्रह गरेको छ। डिभिजन वन कार्यालय अर्घाखाँचीका प्रमुख नारायणदेव भट्टराई भन्छन्, 'सामुदायिक वन समूहको लागत साझेदारी र सहकार्यमा २० जना हेरालु छनोट गरिएको हो। उनीहरूले बालीनाली जोगाउन नियमित निगरानी गर्ने र जैविक विविधतालाई असर नपर्ने गरी मानवीय तरिकाले वन्यजन्तु धपाउनेछन्।'

छनोट भएका हेरालुहरूमा गणेश पोखेल, पूर्णबहादुर कब्दार राना, दीपककुमार श्रेष्ठ, मनोज श्रेष्ठ, भक्तिराम भुसाल, कृष्णप्रसाद घिमिरे, भक्तिराम खनाल, कमल ज्ञवाली, सन्तोष भाटक्षेत्री, कृष्णप्रसाद खनाल, मिलन पौडेल, नारायणबहादुर खड्का, माधव बन्जाडे, टेकनाथ भुसाल, पुष्करनाथ आचार्य, मुक्तिराम घिमिरे, केशव घर्ती, तुलसीराम पोखरेल, केशव भट्टराई र नारायण खनाल छन्।

» बाँकी पृष्ठ ६

